राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, तह ५, वरिष्ठ सहायक पदको

प्रतियोगितात्मक लिखित परीक्षा

२०७३/१२/३०

पत्रः प्रथम

समयः ३ घण्टा

पूर्णाङ्कः १००

विषयः बैंकिङ तथा लेखा

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ। परीक्षाको माध्यम भाषा अङ्ग्रेजी वा नेपाली हुनेछ।

खण्ड 'क'

१. स्थिर विनियम दर प्रणाली भनेको के हो ? कस्तो अवस्थामा यो प्रणाली उपयुक्त मानिन्छ ? भारतिय मुद्रासँगको स्थिर विनियम दरले पारेको सकारात्मक तथा नकारात्मक प्रभावबारे संक्षेपमा उल्लेख गर्नुहोस्।

२. निम्न विषयमा टिप्पणी गर्नुहोस्।

क. Financial Literacy

ख. E-Payment

ग. Branchless -Banking

खण्ड 'ख'

३. वाणिज्य बैंकको कारोबारसँग सम्बन्धित जोखिमहरूको चर्चा गर्नुहोस्। तरलता र ब्याजदरसम्बन्धी जोखिमहरू न्यूनीकरण गर्न अपनाउनुपर्ने विधिहरू उल्लेख गर्नुहोस्। २०

४. मौद्रिक नीति भनेको के हो ? यसका मुख्य उद्देश्यहरू के के हुन् ? मूल्य वृद्धिलाई नियन्त्रण गरी आमजनताको क्रयशक्तिमा सुधार ल्याउन के-कस्ता उपायहरू अवलम्बन गर्नुपर्ला ? सुझाव दिनुहोस्। ५ + ५ + १० = २०

खण्ड 'ग'

५. आन्तरिक लेखापरीक्षण र बाह्य लेखापरीक्षण असमानता सविस्तार चर्चा गर्नुहोस्। आन्तरिक लेखापरीक्षणलाई संस्थाको आँखा र कानको रूपमा किन हेरिएको होला ? तर्क प्रस्तुत गर्नुहोस्। १० + १० = २०

❑❑❑

## राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, तह ५, वरिष्ठ सहायक पदको
## प्रतियोगितात्मक लिखित परीक्षा
## २०७३/१२/३१

**पत्रः द्वितीय**

**समयः ३ घण्टा**

**पूर्णाङ्कः १००**

### विषयः व्यवस्थापन, गणित तथा सेवासम्बन्धी

प्रत्येक खण्डको उत्तर छुट्टयाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ। परीक्षाको माध्यम भाषा अङ्ग्रेजी वा नेपाली हुनेछ।

### खण्ड 'क'

१. सुशासन भनेको के हो ? यसका तत्त्वहरूबारे वर्णन गर्दै सुशासनको अभावमा के–कस्ता अवस्था सृजना हुन सक्दछ ? आफ्नो विचार प्रस्तुत गर्नुहोस्।

३ + ७ + १० = २०

२. मनोबल र उत्प्रेरणा कसरी अन्तरसम्बन्धित विषय हुन् ? अर्थसहित उल्लेख गर्दै उत्प्रेरणामा प्रभाव पार्न तत्त्वहरूको बारेमा सविस्तार लेख्नुहोस्।

२०

३. ग्राहक सन्तुष्टि, कायम राख्न कार्यालय संरचना (Office Layout) को कस्तो महत्त्व हुन्छ ? प्रकाश पार्नुहोस्। ग्राहकमैत्री कार्यालय संरचना निर्माण गर्न कार्यालय संरचनाको कुन कुन पक्षमा ध्यान पुऱ्याउनु पर्दछ ? उदाहरणसहित उल्लेख गर्नुहोस्।

### खण्ड 'ख'

४. एउटा पसलेले ग्राहकलाई एउटा रेडियो १६ प्रतिशत छुट दिई १३ प्रतिशत भ्याटसहित रू. ९४४२ मा बिक्री गर्दा ५ प्रतिशत नाफा भएको रहेछ भने त्यस पसलेले त्यस रेडियोको क्रय मूल्यभन्दा कति प्रतिशत बढि बिक्री मूल्य तोकेको रहेछ ? पत्ता लगाउनुहोस्।

२०

### खण्ड 'ग'

५. राष्ट्रिय वाणिज्य बैंकबाट प्रवाह हुने कर्जा सम्बन्धमा उल्लेख गर्नुहोस्। कर्जा प्रवाहका क्रममा देखापरेका व्यवहारिक समस्याबारे प्रकाश पार्नुहोस्। समस्या समाधनका लागि केन्द्रिय कार्यालयमा पेस गर्ने सुझावहरूको खाका तयार गर्नुहोस्।

६ + ७ + ७ = २०

❑❑❑